# प्रेस विज्ञप्ति

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

**आदरणीय पत्रकारज्यूहरु,**

अर्न्तराष्ट्रिय महिला दिवस ८ मार्च विगतका वर्षहरु झै यस वर्षपनि मनाउने सामाजिक विकास मन्त्रालयका श्रीमान् सचिवज्यूको अध्यक्षतामा मिति २०७७ फागुन १४ गते बसेको बैठकले निर्णय गरेको छ । १११ औं अर्न्तराष्ट्रिय महिला दिवस **"महिलाको सुरक्षा, सम्मान रोजगार : समृद्ध नेपालको आधार"** राष्ट्रिय नाराका साथ मनाईदैछ । सामाजिक विकास मन्त्रालयको आयोजनामा र विभिन्न सरकारी तथा सामाजिक विकास सँघ/सँस्था, महिला अधिकारकर्मी एवम सम्पूर्ण सरोकारवाला निकायको समन्वयमा फागुन २४ गते दिवसलाई भव्य रुपमा मनाइने यहाँहरु समक्ष जानकारी गराउँदछु ।

अर्न्तराष्ट्रिय महिला दिवसका अवसरमा फागुन २४ गते विहान ७ वजे जिल्ला प्रशासन कार्यालयको प्राङगणमा भेला भएर र्‍याली निकालिने छ । र्‍याली गोल्छा चौक हुँदै आदर्श माविको मञ्चको कार्यक्रममा सहभागि हुने तयारी गरेका छौं । त्यसैगरि ८ मार्चको अवसर पारि कोभिड १९ को महामारीमा अग्रपंतिमा रहेर उल्लेखनीय भूमिका निर्वाह गर्ने १३ जना स्वास्थ्यकर्मी महिला कर्मचारीलाई सम्मान गरिने यहाँहरु समक्ष जानकारी गराउँदछु ।

अर्न्तराष्ट्रिय महिला दिवसका अवसरमा साँझ ५ : ३० वजे विराटनगर ट्राफिक चौकमा दीप प्रज्वलन गरि दिवस समापन गरिने छ ।

अन्त्यमा यस पत्रकार सम्मेलनमा उपस्थित हुनु भएका सम्पूर्ण सञ्चारकर्मीज्यूहरुलाई हार्दिक धन्यवाद दिँदै फागुन २४ गतेको कार्यक्रमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

.................................
दुर्गा भण्डारी बराल
सामाजिक विकास महाशाखा
प्रमुख

मिति २०७७/११/२१